# मध्यपश्चिम विश्वविद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८०
## (पहिलो संशोधन : २०८१ जेष्ठ ३२ गते)

### प्रस्तावना

मध्यपश्चिम विश्वविद्यालयका शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरुको पठनपाठनमा प्रोत्साहन गर्न प्रदान गरिने छात्रवृत्तिलाई सुव्यवस्थित र नियमन गर्न वाञ्छनीय भएकाले मध्यपश्चिम विश्वविद्यालय संगठन तथा शैक्षिक-प्रशासनिक नियमावली, २०६९ को नियम २१४ अनुसार "मध्यपश्चिम विश्वविद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८०" जारी गरिएको छ ।

### परिच्छेद् - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "मध्यपश्चिम विश्वविद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मध्यपश्चिम विश्वविद्यालयको कार्यकारी परिषदले निर्णय गरेको मिति देखि प्रारम्भ हुने छ ।

### परिच्छेद् - २
### परिभाषा

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "विश्वविद्यालय" भन्नाले मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा ३ बमोजिम स्थापना भएको मध्यपश्चिम विश्वविद्यालय सम्झनु पर्दछ ।

(ख) "कार्यकारी परिषद्" भन्नाले ऐनको दफा १२ बमोजिमको कार्यकारी परिषद्लाई सम्झनु पर्दछ ।

(ग) "सङ्काय" भन्नाले ऐनको दफा १४ बमोजिम गठित सङ्कायलाई सम्झनु पर्दछ ।

(घ) "ग्र्याजुएट स्कुल" भन्नाले ऐनको दफा १४ बमोजिम गठित सङ्कायलाई सम्झनु पर्दछ ।

(ङ) "क्याम्पस" भन्नाले मध्यपश्चिम विश्वविद्यालय अन्तरगत सञ्चालित केन्द्रीय विभाग, आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पस, स्कुल वा अन्य शैक्षिक संस्थाहरु समेतलाई सम्झनु पर्दछ ।

(च) "क्याम्पस प्रमुख" भन्नाले विश्वविद्यालयका सबै ग्र्याजुएट स्कुल अन्तरगत सञ्चालित केन्द्रीय विभाग, आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पस, स्कुल वा अन्य शैक्षिक संस्थाका प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "छात्रवृत्ति समिति" भन्नाले यसै कार्यविधिको बुँदा नम्बर ४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ज) "छात्रवृत्ति विकास तथा सञ्चालन कोष" भन्नाले विश्वविद्यालयका विभिन्न शैक्षिक संस्थाहरुमा छात्रवृत्ति प्रदान गर्नका लागि स्थापित कोषलाई सम्झनु पर्दछ ।

(झ) "छात्रवृत्ति" भन्नाले विश्वविद्यालयका सबै शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्तिहरुलाई सम्झनु पर्दछ ।

(ञ) "पूर्णकालिन छात्रवृत्ति" भन्नाले कार्यविधिको बुँदा नम्बर ७ बमोजिम प्रदान गरिने छात्रवृत्तिलाई सम्झनु पर्दछ ।

(ट) "सर्वोत्कृष्ट विद्यार्थी छात्रवृत्ति" भन्नाले यस कार्यविधिको बुँदा नम्बर ८ बमोजिम प्रदान गरिने छात्रवृत्तिलाई सम्झनु पर्दछ ।

(ठ) "जेहेन्दार तथा समावेशी छात्रवृत्ति" भन्नाले यस कार्यविधिको बुँदा नम्बर ९ बमोजिम प्रदान गरिने छात्रवृत्तिलाई सम्झनु पर्दछ ।

(ड) “प्राध्यापक कर्मचारीका छोराछोरी छात्रवृत्ति” भन्नाले यस कार्यविधिको नम्बर १० बमोजिम प्रदान गरिने छात्रवृत्तिलाई सम्झनु पर्दछ ।

(ढ) “दाताबाट प्रदान गरिने अन्य छात्रवृत्ति” भन्नाले यस कार्यविधिको नम्बर ११ बमोजिम प्रदान गरिने छात्रवृत्तिलाई सम्झनु पर्दछ ।

(ण) “पिछडिएको क्षेत्र” भन्नाले नेपाल सरकारले तोकेका अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई सम्झनु पर्दछ ।

(त) “आदिवासी जनजाति, मधेसी र दलित” भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका आदिवासी र जनजाति, मधेसी र दलितलाई सम्झनु पर्दछ । यस प्रयोजनको लागि आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका आदिवासी र जनजाति, मधेशी, दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण आदिवासी, जनजाती, मधेसी, दलितलाई आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको समुदाय मानिने छ ।

## परिच्छेद् - ३

## छात्रवृत्ति समिति

४. **छात्रवृत्ति समिति** : विश्वविद्यालयका विभिन्न सङ्काय अन्तरगत सबै तह र कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुका लागि यस कार्यविधि अनुसार छात्रवृत्ति प्रदान गर्न प्रत्येक शैक्षिक संस्थामा निम्नानुसार तीन सदस्यीय छात्रवृत्ति समिति रहने छ ।

| | |
|---|---|
| (क) क्याम्पस प्रमुख/कार्यक्रम संयोजक/विभागिय प्रमुख | संयोजक |
| (ख) सम्बन्धित शैक्षिक संस्थाका विभागीय प्रमुख वा वरिष्ट प्राध्यापक मध्ये संयोजकको सिफारिसमा सम्बन्धित डीनबाट नियुक्त एक जना महिलासहित दुई जना | सदस्य |

५. **छात्रवृत्ति समितिको काम, कर्तव्य र अधिकार** : छात्रवृत्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) छात्रवृत्ति सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्ने ।

(ख) सबै तहमा अध्ययनरत् विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्नका लागि आवश्यक पर्ने सूचना संप्रेषण, प्रकाशन, आवेदन आह्वान, संकलन र छानबिन गर्ने ।

(ग) प्राप्त आवेदनका आधारमा छात्रवृत्रि प्राप्तगर्न योग्य विद्यार्थीहरुको योग्यताक्रम सूची कायम गरी प्रकाशित गर्ने ।

(घ) यस कार्यविधि अनुसार छात्रवृत्तिका लागि योग्य विद्यार्थीहरुको सूची तयार गर्दा नेपाल सरकार तथा विश्वविद्यालय ऐन/नियमले तय गरेको समावेशी सिद्धान्तलाई अवलम्वन गर्ने ।

(ङ) छात्रवृत्ति प्रदान गरिएको प्रमाण-पत्र तयार गरी वितरण गर्ने ।

(च) शैक्षिक संस्थामा एक “छात्रवृत्ति विकास तथा सञ्चालन कोष” स्थापना गरी सो कोषमा विभिन्न दातृ निकाय, आन्तरिक श्रोतहरु र व्यक्तिहरुबाट प्राप्त रकम पारदर्शी रुपमा जम्मा गर्न व्यवस्था गर्ने ।

(छ) सम्बन्धित शैक्षिक संस्थामा छात्रवृत्ति कोष विकास संचालन र प्रवर्द्धनमा सक्रिय भूमिका खेल्ने ।

(ज) छात्रवृत्ति सम्बन्धी अनुगमन, नियमन तथा आवश्यक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने ।

(झ) विश्वविद्यालयले तोके बमोजिमका अन्य कार्यहरु सम्पादन गर्ने ।

## परिच्छेद - ४

## छात्रवृत्ति सम्वन्धी व्यवस्था

**६. छात्रवृत्ति सम्वन्धी व्यवस्था :** विश्वविद्यालयका सबै तह र कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुका लागि निम्नानुसारका छात्रवृत्तिहरु प्रदान गरिनेछ :

(क) पूर्णकालीन छात्रवृत्ति

(ख) सर्वोत्कृष्ट विद्यार्थी छात्रवृत्ति

(ग) जेहेन्दार तथा समावेशी छात्रवृत्ति

(घ) शिक्षक-कर्मचारीका छोराछोरी छात्रवृत्ति

(ङ) दाताबाट प्रदान गरिने अन्य छात्रवृत्ति

**७. पूर्णकालीन छात्रवृत्ति सम्वन्धी व्यवस्था (प्राविधिक तर्फ) :**

(क) विश्वविद्यालयबाट प्रदान गरिने सम्पूर्ण छात्रवृत्ति संख्या मध्ये ५५ प्रतिशत खुल्ला एवम् ४५ प्रतिशत नेपाल सरकारद्वारा निर्धारित समावेशी वर्गीकरणका आधारमा प्रदान गरिनेछ ।

(ख) विश्वविद्यालयका विभिन्न सङ्काय अन्तरगत प्राविधिकधार तर्फका सबै तह र कार्यक्रममा अध्ययनरत् विद्यार्थीहरुमध्ये कुल भर्ना संख्याको १२ प्रतिशतलाई पूर्णकालिन छात्रवृत्ति प्रदान गरिने छ । यो नियम साधारणधार तर्फका अन्य पूर्व निर्धारित कोटा प्रणालीबाट विद्यार्थी भर्ना हुने कार्यक्रममा समेत लागू हुनेछ ।

(ग) पूर्णकालीन छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको योग्यताक्रमको सूची छात्रवृत्ति समितिले निर्धारण गर्नेछ ।

(घ) पूर्णकालीन छात्रवृत्ति अन्तरगत खुल्ला र समावेशितामा आधारित छात्रवृत्ति प्रदान गर्दा देहाय बमोजिम मूल्याङ्कन गरी योग्यताक्रमको सूची तयार गर्नुपर्नेछ ।

| खुल्ला तर्फ | | | समावेशी तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | अधिकतम् अंक | सि.नं. | विवरण | अधिकतम् अंक |
| १. | अघिल्लो तहको परीक्षाको नतिजाको आधारमा दिइने अंक | ५० | १. | अघिल्लो तहको परीक्षाको नतिजाको आधारमा दिइने अंक | ३० |
| २. | प्रवेश परीक्षामा प्राप्त अंक | ५० | २. | प्रवेश परीक्षामा प्राप्त अंक | ५० |
| | | | ३. | समावेशिताको वर्गिकरणका आधारमा प्राप्त अंक | २० |
| | जम्मा | १०० | | जम्मा | १०० |

(ङ) विभिन्न शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने पूर्णकालीन छात्रवृत्तिको हकमा छात्रवृत्ति समितिले योग्यताक्रमको सूची तयार पार्दा कूल १०० अङ्कलाई पूर्णाङ्क कायम गरी विद्यार्थीहरुको प्राप्ताङ्क मापन गर्नु पर्ने छ ।

(च) प्राविधिक धारतर्फ सबै कार्यक्रममा नयाँ भर्नाका लागि लिएको प्रवेश परीक्षाको प्राप्ताङ्क वापत् विद्यार्थीहरुले अधिकतम ५० अङ्क प्राप्त गर्नेछन् । सो प्रयोजनका लागि प्रवेश परीक्षामा विद्यार्थीले प्राप्त गरेको कुल प्राप्ताङ्कलाई ५० प्रतिशतमा रुपान्तरण गरिने छ ।

(छ) एक तह मुनिको परीक्षामा प्राप्त गरेको कुल अङ्क वापत् विद्यार्थीले अधिकतम् ३० अङ्क प्राप्त गर्नेछन्, जस अनुसार विशिष्ट श्रेणी वा सो सरह भए अधिकतम ३० अङ्क, प्रथम श्रेणी वा सो सरह भए अधिकतम २५ अङ्क

द्वितीय श्रेणी वा सो सरह भए अधिकतम २० अङ्क र तृतीय श्रेणी वा सो सरह भए अधिकतम १५ अङ्कका हिसावले अङ्क प्राप्त गर्नेछन् ।

(ज) पूर्णकालीन छात्रवृत्तिका लागि नेपाल सरकारद्वारा निर्धारित समावेशी सिद्धान्त अनुसार निम्न समूहको प्रतिनिधित्व गर्ने विद्यार्थीलाई कुल २० (वीस) अङ्कलाई पूर्णाङ्क कायम गरी निम्नानुसार अङ्क प्रदान गरिने छ ।

| क्र.सं. | प्रकार | समावेशी प्रतिशत | अङ्क |
|---|---|---|---|
| १. | महिला | ३३ | ७ |
| २. | आदिवासी जनजाति | २७ | ५ |
| ३. | मधेशी | २२ | ४ |
| ४. | दलित | ९ | २ |
| ५. | अपाङ्ग | ५ | १ |
| ६. | पिछडिएको क्षेत्र | ४ | १ |

(झ) विश्वविद्यालयको विद्यमान नीति अनुरुप कम्तीमा पनि ४० प्रतिशत महिलालाई सम्पूर्ण अवसरहरुमा पहुँच पुग्ने गरी नीति नियम बनाई आवश्यक कार्यसम्पादन गर्नुपर्ने अनिवार्य व्यवस्था अनुसार माथि ज को क्र.सं. १ अनुसार महिलालाई ३३ प्रतिशत आरक्षण व्यवस्थापन भएकोमा खुल्ला तर्फ पूर्णकालीन छात्रवृत्ति नतिजा प्रकाशन गर्दा कम्तीमा पनि ७ प्रतिशत छात्रा समावेश हुने गरी, अर्थात समग्रमा कम्तीमा पनि ४० प्रतिशत छात्राको प्रतिनिधित्व हुने गरी योग्यताक्रम सूची तयार गरी प्रकाशन गर्नुपर्ने छ ।

(ञ) पूर्णकालीन छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई छात्रवृत्ति कायम रहेको अवधिभर शिक्षण शुल्क वरावरको रकम मिनाहा गरिनेछ र त्यसबाहेक विश्वविद्यालयले तोकेको अन्य शुल्कहरु भने तिर्नुपर्ने छ ।

(ट) नेपाल सरकारको कोषबाट तलव खाने गरी तलवी विदामा अध्ययन गरिरहेका विद्यार्थी पूर्णकालीन छात्रवृत्तिका लागि योग्य हुने छैनन् ।

(ठ) * यस कार्यविधिमा व्यवस्था भएका विभिन्न छात्रवृत्ति र एक पटकमा भर्ना गरिने अधिकतम् विद्यार्थी संख्या बाहेक कुनै पनि तहको सरकार, सरकारी निकाय वा संघ संस्थाबाट पूर्ण रूपमा शुल्क तिर्ने गरी संस्थागत प्रायोजनमा विद्यार्थी सिफारिस भई आएमा कुल भर्ना हुने विद्यार्थी संख्याको १० प्रतिशतले हुन आउने ५ जना र सम्बन्धित शैक्षिक संस्था अवस्थित स्थानिय निकायबाट प्रति निकाय, प्रति शैक्षिक कार्यक्रममा १ जनाका दरले बढीमा ५ जनासम्म गरी प्रति वर्ष, प्रति शैक्षिक कार्यक्रम बढीमा १० जनासम्म प्रायोजित कोटामा थप विद्यार्थी भर्ना गर्न सकिने छ । यसरी प्रायोजित कोटामा भर्ना हुने विद्यार्थीका लागि विश्वविद्यालय र संघ, प्रदेश वा स्थानिय तह तथा अन्य संस्थाहरूको बिच MOU को आधारमा भर्ना गरिने छ र निज विद्यार्थीहरूले सम्बन्धित ग्र्याजुएट स्कुलबाट सञ्चालित प्रवेश परीक्षाका सम्पूर्ण प्रक्रिया र शर्तहरू पुरा गरेको हुनुपर्ने छ ।

(ड) छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा दुई वा दुई भन्दा बढी विद्यार्थीको कुल प्राप्ताङ्क बराबर भएमा भर्नाका लागि लिइएको प्रवेश परीक्षामा बढी अंक प्राप्त गर्ने विद्यार्थीलाई पहिलो प्राथमिकता दिइनेछ । यदि प्रवेश परीक्षाको अङ्क पनि बराबर भएमा अघिल्लो शैक्षिक कार्यक्रमको प्राप्ताङ्कको आधारमा गणना गरिने छ ।

८. **<u>सर्वोत्कृष्ट विद्यार्थी छात्रवृत्ति सम्वन्धी व्यवस्था</u>** : (१) विश्वविद्यालयका विभिन्न शैक्षिक संस्थाका प्रत्येक शैक्षिक कार्यक्रममा अध्ययनरत प्रत्येक सेमेष्टरमा सवैभन्दा उत्कृष्ट अङ्क ल्याउने एकजना विद्यार्थीले सर्वोत्कृष्ट विद्यार्थी छात्रवृत्ति प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट विद्यार्थी छात्रवृत्ति एक पटकमा एक सेमेष्टर अवधिका लागि मात्र कायम रहने छ ।

(२) सर्वोत्कृष्ट विद्यार्थी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको चयन छात्रवृत्ति समितिले सेमेस्टरको सत्रान्त परीक्षाको नतिजाको आधारमा गर्ने छ ।

(३) सर्वोत्कृष्ट विद्यार्थी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले जुन सेमेस्टरका लागि छात्रवृत्ति प्राप्त गरेको हो, सो सेमेष्टरमा लाग्ने शिक्षण शुल्क बराबरको छात्रवृत्ति प्राप्त गर्नेछन् र त्यसबाहेक विश्वविद्यालयले तोकेको अन्य शुल्कहरु भने तिर्नुपर्ने छ ।

---

* *पहिलो संशोधनद्वारा संशोधित*

(४) यदि सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थी एकजना भन्दा वढी भएमा बराबर अङ्क भएका विद्यार्थीहरुबीच दामाशाहीले छात्रवृत्ति प्रदान गरिनेछ ।

**९. जेहेन्दार तथा समावेशी छात्रवृत्ति सम्वन्धी व्यवस्था (साधारण तर्फ) :**

**९.१. जेहेन्दार छात्रवृत्ति :** (१) विश्वविद्यालयका विभिन्न सङ्काय वा ग्र्याजुएट स्कुल अन्तरगत पूर्ण छात्रवृत्ति प्रदान गरिने प्राविधिक धारका कार्यक्रम बाहेक अन्य सम्पूर्ण साधारण धारतर्फका शैक्षिक कार्यक्रममा अध्ययनरत कुल विद्यार्थी संख्याको १७ प्रतिशतले हुन आउने संख्याको ५५ प्रतिशत जेहेन्दार विद्यार्थीलाई यो छात्रवृति प्रदान गरिने छ ।

(२) विश्वविद्यालयको विद्यमान नीति अनुरुप कम्तीमा पनि ४० प्रतिशत महिलालाई सम्पूर्ण अवसरहरुमा पहुँच पुग्ने गरी नीति नियम बनाई आवश्यक कार्यसम्पादन गर्नुपर्ने अनिवार्य व्यवस्था अनुसार नियम ७ को ज को क्र.सं. १ अनुसार महिलालाई ३३ प्रतिशत आरक्षण व्यवस्थापन भएकोमा जेहेन्दार छात्रवृत्ति नतिजा प्रकाशन गर्दा कम्तिमा पनि ७ प्रतिशत छात्रा समावेश हुने गरी, अर्थात समग्रमा कम्तिमा पनि ४० प्रतिशत छात्राको प्रतिनिधित्व हुने गरी योग्यताक्रम सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(३) अघिल्लो सेमेस्टरमा सम्पूर्ण विषयमा उर्त्तिण विद्यार्थी मात्र जेहेन्दार छात्रवृत्तिका लागि आवेदन दिन योग्य हुनेछन् ।

(४) जेहेन्दार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको योग्यताक्रम छात्रवृत्ति समितिले निर्धारित नियम अनुसार तय गर्नेछ ।

(५) जेहेन्दार छात्रवृत्तिका लागि छात्रवृत्ति समितिले विश्वविद्यालयका सम्वन्धित शैक्षिक संस्था अन्तरगत सबै शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीबाट सत्रान्त परीक्षाको नजिता प्रकाशन भएको मितिले बढीमा दुई हप्ताभित्र तोकिएको ढाँचामा सम्बन्धित विद्यार्थीबाट रीतपूर्वक निवेदन माग गर्नु पर्नेछ ।

(६) जेहेन्दार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले जुन सेमेष्टरका लागि छात्रवृत्ति प्राप्त गरेको हो, सोही सेमेस्टरका लागि लाग्ने शिक्षण शुल्क वापतको रकम बराबर छात्रवृत्ति प्रदान गरिनेछ र त्यसबाहेक विश्वविद्यालयले तोकेको अन्य शुल्कहरु भने तिर्नु पर्नेछ ।

(७) जेहेन्दार छात्रवृत्ति प्रत्येक पटक अघिल्लो सेमेस्टरको शत्रान्त परीक्षाको नतिजाको योग्यताक्रमका आधारमा प्रदान गरिनेछ । तर अन्तिम सेमेस्टरमा भने यो छात्रवृत्ति प्रदान गरिने छैन ।

**९.२. समावेशी छात्रवृत्ति :** (१) विश्वविद्यालयका विभिन्न ग्र्याजुएट स्कुल अन्तरगत पूर्ण छात्रवृत्ति प्रदान गरिने प्राविधिकधार तर्फका शैक्षिक कार्यक्रम बाहेक सबै साधारण धारतर्फका शैक्षिक कार्यक्रममा अध्ययनरत् कुल विद्यार्थी सख्याको १७ प्रतिशतले हुन आउने संख्याको ४५ प्रतिशतलाई यो छात्रबृति प्रदान गरिने छ ।

(२) अघिल्लो सेमेस्टरमा सम्पूर्ण विषयमा उत्तीर्ण विद्यार्थी मात्र समावेशी छात्रवृत्तिका लागि आवेदनदिन योग्य हुनेछन् ।

(३) समावेशी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको योग्यताक्रम छात्रवृत्ति समितिले नियमानुसार तयार गर्नेछ ।

(४) समावेशी छात्रवृत्तिका लागि छात्रवृत्ति समितिले विश्वविद्यालयका सम्वन्धित शैक्षिक संस्था अन्तरगत सबै शैक्षिक कार्यक्रममा अध्ययनरत् विद्यार्थीबाट शत्रान्त परीक्षाको नतिजा प्रकाशन भएको मितिले बढीमा दुई हप्ताभित्र तोकिएको ढाँचामा रीतपूर्वक निवेदन माग गर्नु पर्नेछ ।

(५) समावेशी छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थीले जुन सेमेष्टरका लागि छात्रवृत्ति प्राप्त गरेको हो, सो सेमेस्टरमा लाग्ने शिक्षण शुल्क बराबर छात्रवृत्ति प्राप्त गर्नेछन् र त्यसबाहेक विश्वविद्यालयले तोकेको अन्य शुल्कहरु भने तिर्नु पर्नेछ ।

(६) समावेशी छात्रवृत्ति नेपाल सरकारद्वारा निर्धारित समावेशी सिद्धान्तलाई अवलम्वन गर्दै निम्न समूह अन्तरगत प्रतिनिधित्व गर्ने विद्यार्थीलाई कुल ४५ (पैंचालिस) अङ्कलाई पूर्णाङ्क कायम गरी निम्नानुसार अङ्क प्रदान गरिने छ ।

| क्र.सं. | प्रकार | समावेशी प्रतिशत | अङ्क |
|---|---|---|---|
| १. | महिला | ३३ | १५ |
| २. | आदिवासी जनजाति | २७ | १२ |
| ३. | मधेसी | २२ | १० |

| क.सं. | प्रकार | समावेशी प्रतिशत | अङ्क |
|---|---|---|---|
| ४. | दलित | ९ | ४ |
| ५. | अपाङ्ग | ५ | २ |
| ६. | पिछडिएको क्षेत्र | ४ | २ |

(७) समावेशी छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा दुई वा दुई भन्दा बढी विद्यार्थीको कुल प्राप्ताङ्क बराबर भएमा सम्बन्धित सत्रान्त परीक्षामा बढी अंक वा ग्रेड प्राप्त गर्ने विद्यार्थीलाई पहिलो प्राथमिकता दिइनेछ। यदि सो अङ्क पनि बराबर भएमा अघिल्लो सेमेस्टरहरुको समष्टिगत अंक वा ग्रेडको आधारमा गणना गरिने छ।

**१०. शिक्षक-कर्मचारीका छोराछोरी छात्रवृत्ति सम्वन्धी व्यवस्था :** विश्वविद्यालयमा कार्यरत् सम्पूर्ण शिक्षक कर्मचारीका छोराछोरीलाई निम्नानुसार छात्रवृत्ति प्रदान गरिने छ :

(क) साधारण धारतर्फ (कोटा प्रणाली बाहेकका शैक्षिक कार्यक्रममा) अध्ययन गर्ने शिक्षक-कर्मचारीका छोराछोरीहरुका हकमा शिक्षण शुल्क बराबरको छात्रवृत्ति प्रदान गरिनेछ र त्यसबाहेक विश्वविद्यालयले तोकेको अन्य शुल्कहरु भने तिर्नु पर्नेछ।

(ख) प्राविधिक धार तथा कोटा प्रणाली भएका प्रत्येक शैक्षिक कार्यक्रममा अध्ययन गर्ने शिक्षक-कर्मचारीका छोराछोरीहरुका हकमा एक जना छात्र र एक जना छात्रालाई प्रवेश परीक्षाको तोकिएको योग्यताक्रम सूचीको आधारमा शिक्षण शुल्क बराबरको छात्रवृत्ति प्रदान गरिनेछ र त्यसबाहेक विश्वविद्यालयले तोकेको अन्य शुल्कहरु भने तिर्नु पर्नेछ।

(ग) यस छात्रवृत्ति अन्तरगत अध्ययन गर्ने शिक्षक-कर्मचारीका छोराछोरी कुनै कारणले वीचैमा छात्रवृत्तिबाट मुक्त भएको खण्डमा निजले प्राप्त गरेको छात्रवृत्ति भर्नाको समयको योग्यताक्रममा रहेका बैकल्पिक उम्मेदवारले बाँकी अवधिको लागि प्राप्त गर्नेछन्।

**११. दाताबाट प्रदान गरिने अन्य छात्रवृति सम्बन्धी व्यवस्था :** (१) विश्वविद्यालयबाट प्रदान गरिने नियमित छात्रवृति बाहेक अन्य कुनै व्यक्तिगत, संस्था वा समूह मिलेर कुनै निश्चित शैक्षिक संस्था र शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रायोजन गर्न चाहेमा कम्तिमा रु.५,००,०००। (पाँच लाख) बराबरको अक्षयकोष स्थापना गरी सञ्चालन गर्न सकिनेछ। यसरी छात्रवृत्ति प्रदान गर्दा सो कोषबाट प्राप्त हुने वार्षिक आम्दानी रकम मात्र खर्च गर्ने गरी तोकिएको छात्रवृत्ति प्रदान गर्न सकिने छ।

## परिच्छेद् - ५
## विविध

**१२. विविध**

(क) कुनै पनि विद्यार्थीले विश्वविद्यालयबाट दोहोरो छात्रवृत्ति उपभोग गर्न पाउने छैनन्। यदि दोहोरो छात्रवृत्ति उपभोग गरेको प्रमाणित भएमा निजले प्राप्त गरेको एउटा छात्रवृत्तिबाहेक अन्य छात्रवृत्ति तत्काल समितिले खारेज गर्नेछ।

(ख) यस कार्यविधिमा जेसुकै लेखिएको भएतापनि विश्वविद्यालयको ऐन कानुन तथा आचार संहिता विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा उक्त विद्यार्थीको छात्रवृत्ति स्वतः खारेज हुनेछ।

(ग) विश्वविद्यालयका सबै शैक्षिक कार्यक्रममा अध्ययनरत् विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्तिका सम्बन्धमा छात्रवृत्ति समितिको निर्णय नै अन्तिम हुनेछ।

(घ) विभिन्न शैक्षिक कार्यक्रममा सेमेस्टरगत रुपमा प्रदान गरिने छात्रवृत्ति प्रत्येक कार्यक्रमको अन्तिम सेमेस्टरमा भने प्रदान गरिने छैन।

(ङ) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी प्राविधिकधार बाहेकका कार्यक्रममा भर्ना भएका सीमान्तकृत, अपाङ्ग, शहीद तथा बेपत्ता पारिएका परिवारका छोराछोरी र जनआन्दोलनका घाइते विद्यार्थीलाई शिक्षण शुल्क मिनाह गरिने छ।

(च) यस कार्यविधिमा व्यवस्था भएको बाहेक अन्य थप व्यवस्था गर्नुपर्ने भएमा कार्यविधिको बर्खिलाप नहुने गरी सम्बन्धित छात्रवृत्ति व्यवस्थापन समितिले आवश्यक व्यवस्थापन गर्न सक्नेछ ।

१२. **कार्यविधि संशोधन गर्ने व्यवस्था :** कार्यविधिमा उल्लेखित विषयवस्तु समयानुकूल थप, परिमार्जन वा संशोधन गर्न आवश्यक परेमा कार्यकारी परिषद्ले थपघट गर्न सक्नेछ ।

अनुसूची - १

फोटो

**मध्यपश्चिम विश्वविद्यालय**
**वीरेन्द्रनगर, सुर्खेत**
**छात्रवृत्तिका लागि आवेदन फाराम**

विद्यार्थीको नाम (देवनागरीमा) : ..........................................................

विद्यार्थीको नाम (अंग्रेजीमा) : ..................................................................

(१) क्याम्पसको नाम : ......................................................................

(२) संकाय : तह : सेमेस्टर :
(३) छात्रवृत्तिको प्रकार :
(४) लिङ्ग : महिला पुरुष
(५) विद्यार्थीको ठेगाना : जिल्ला : .......................... पालिका : ...........................................................

वडा नं ...... फोन न............................................ इमेल ...................................................

(६) जन्म मिति : ...............................

(७) नागरिकता जारी भएको जिल्ला : ...................... नागरिकता नं. ...........................

(८) समावेशिताको प्रकार (यदि भएमा) : ..........................................................

(९) शैक्षिक योग्यताको विवरण

| सि.नं. | अध्ययन गरेको संस्थाको नाम | पास गरेको तह | प्राप्ताङ्क प्रतिशत वा CGPA | श्रेणी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

माथि उल्लेखित विवरण साँचो हो । झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक | कार्यालय प्रयोजनका लागि
नाम | नाम
दस्तखत | दस्तखत
मिति | मिति

**<u>छात्रवृत्तिको लागि आवेदन गर्दा पेश गर्नुपर्ने कागजातहरु</u>**

१. नागरिकताको प्रतिलिपि वा जन्म दर्ता प्रमाण-पत्र
२. शैक्षिक प्रमाण पत्रका प्रतिलिपीहरु
३. सम्बन्धित स्थानीय तहको सिफारिस
४. अपाङ्ग, शहीद परिवार, वेपत्ता पारिएका परिवार, जनआन्दोलनका घाइते आदि जस्ता छात्रवृत्तिको लागि आधिकारिक निकायबाट जारी भएका कागजातहरु ।

*सम्बन्धित शैक्षिक संस्थाले छात्रवृत्तिको प्रकृति अनुसार थप कागजातहरु आवेदनसाथ माग गर्नसक्नेछ ।*